# भगवतीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पगनाथ, दैलेख
## कर्णालीप्रदेश, नेपाल

**नदीजन्य पदार्थ उत्खनन, संकलन तथा विक्रीका गरी आन्तरिक आय संकलन गर्न डाँक बढाबढ सम्वन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०७७०५।०९**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क. र यस भगवतीमाई गाउँपालिकाको आर्थिक ऐन, २०७७ मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको तोकिएको क्षेत्रहरुबाट निर्धारण मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकर्लन गरी गाउँपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही डाँक बढाबढ प्रक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | सुचना नं./ बोलपत्र नं. | वोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्युनतम डाँक बढाबढ रकम (सेवाशुल्क र मु.अ. कर सहित) |
|---|---|---|---|---|
| १. | १/०७७/०७८ | लोहोरे खोलाको बैतडी खोलादेखीउत्तर जिर्कु पुलसम्म (भगवतीमाई गा.पा. वडा नं. ७ वडाभैरव तर्फको खण्ड) | २७८३। | ३०००००। |
| २. | २/०७७/०७८ | कट्टी खोलाको तोकिएको क्षेत्र । | २३२० | २५००००। |

**शर्तहरु :**

१.फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७५।०७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी र निवेदन पेश गरी यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन २०७७ भदौ १५ गते ११:०० बजे गाउँ कार्यपालिकाको कार्यालयमा डाँक बढाबढ सम्वन्धी खरिद इकाईको बैठकमा उपस्थित हुनुपर्नेछ ।

२.डाँक बढाबढमा आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम सोही दिन कार्यालयमा दाखिला गर्नुपर्ने छ ।

३. डाँक बढाबढमा सहभागी हुने फर्म वा संस्थाका प्रोप्राइटर स्वयम वा निजको प्रतिनिधि आफै उपस्थित हुनु पर्नेछ

४. डाँक बढाबढ स्वीकृत भएमा सो को सूचना पाएको मितिले ७ दिनभित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापद ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्तावापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०७८ साल अषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्ने छ । साथै डाँक बढाबढमा स्वीकृत हुने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप मु.अ.क. रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर डाँक बढाबढ कर्ताले छुट्टै बुझाउनु पर्नेछ ।

५. बोलपत्रदाताले एकमुष्ट सम्पुर्ण रकम अग्रिम रुपमा बुझाएमा १० प्रतिशत छुट हुनेछ ।

६. तोकिएको म्यादभित्रपट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्वन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणिय अध्ययन प्रतिवेदन यस डाँक बढाबढ सम्झौताको अभिन्न अंग मानिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत